# कल्याणपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,कल्याणपुर
जिल्ला-सिरहा
प्रदेश नं.२ नेपाल


पत्र संख्या :- २०७६।०७७
**चलानी नम्बर :-**

मिति-२०७६।०९।२८

सूचना !!! सूचना !!! सूचना !!!

विषय- छोरी शिक्षा बीमा शिवीरमा सहभागी हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं.२, जनकपुरधामको प.सं २०७६/०७७, च.नं.१७५० मिति २०७६।०९।१४ को पत्र बमोजिम स्थानीय तहहरुमा मिति २०७६ माघ २ गते देखि प्रदेश सरकार, स्थानीय तह, सर्वपक्षीय व्यक्तित्व, गैर सरकारी संघ संस्था, UNICEF, UNFPA, Save the Children समेतको सहयोग र सहकार्यमा सप्ताहव्यापी छोरी शिक्षा बीमा कार्य प्रभु बैंक लि. बाट गर्ने उदेश्यले यस नगरपालिकामा तपसिल बमोजिमको मिति, स्थान र समयमा शिविर संचालन हुने भएकोले आ-आफ्नो वडाभित्रका २०७५ माघ १ गते देखि जन्मेका बालिका (छोरी) हरुको अभिभावक वा संरक्षकले देहायअनुसारका आवश्यक कागजातहरु लिई छोरी शिक्षा बीमा/मुद्दती बचत खाता कार्यक्रममा सहभागी हुन सरोकारवाला सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

शिविर सञ्चालन कार्यक्रम

| क्र.सं. | मिति | समय | स्थान | समावेश हुने वडाहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७६।१०।०२ | बिहान १०-४ बजे सम्म | रेडकस भवन,कल्याणपुर,सिरहा | क.न.पा.वडा नं. १-६ सम्म | |
| २ | २०७६।१०।०३ | बिहान १०-४ बजे सम्म | रेडकस भवन,कल्याणपुर,सिरहा | क.न.पा.वडा नं.७-१२ सम्म | |

**अभिभावक वा संरक्षकले पेश गर्नुपर्ने आवश्यक कागजातहरु-**

१.छोरीको जन्मदर्ता प्रमाणपत्रको जारी गर्ने स्थानीय तहबाटै प्रमाणित प्रतिलिपी ।
२.अभिभावक मध्ये एक वा दुवैको नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।
३.छोरीको पासपोर्ट साइजको फोटो थान -६
४.अभिभावक संरक्षकको पासपोर्ट साइजको फोटो थान -६
५.बैकल्पिक स्याहारमा रहेको व्यक्तिको हकमा संरक्षण गर्ने संस्थाका प्रमुखको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, संस्थाले संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपी र संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
६.व्यक्ति संरक्षक भएको हकमा व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपी ।
७.छोरी शिक्षा बीमा /मुद्दती बचत खाता कार्यक्रममा सहभागी गराइदिने व्यहोराको सम्बन्धित स्थानीय तह (वडा) को सिफारिस पत्र ।

प्रमुख प्रशासकीय अधिकृत

Email:kalyanpurmun2073@gmail.com Website:kalyanpurmun.gov.np फोन नं.-०३३-४०३०६३